नौगाड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
होपरीगाड, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

# नौगाड गाउँपालिका

## स्थानीय राजपत्र

**खण्डः ४** **संख्याः ८४** **मितिः २०८३।०१।१५ गते**

**भाग – २**

**नौगाड गाउँपालिकाको टोल र क्षेत्र नक्साङ्कन तथा घरधुरी सङ्ख्याङ्कन सम्बन्धी कार्यविधि, २०८२**

कार्यपालिकामा पेश मितिः २०८२।१२।२३ गते
कार्यपालिकाबाट पारित मितिः २०८२।१२।२३ गते
प्रमाणिकरण मितिः २०८२।१२।२३ गते
राजपत्रमा प्रकाशित मितिः २०८३।०१।१५ गते

**<u>प्रस्तावनाः</u>** गाउँपालिका क्षेत्रभित्र रहेका सबै घरधुरीको स्पष्ट पहिचान कायम गरी सेवा प्रवाहलाई व्यवस्थित, तथ्याङ्क व्यवस्थापनलाई प्रभावकारी तथा विपद् व्यवस्थापन, कर संकलन, जनगणना, पर्यटकीय तथा धार्मिक क्षेत्रको बिकास, सामाजिक सेवा प्रवाह सहज बनाउन तथा प्रत्येक घरलाई व्यवस्थित रूपमा संख्या प्रदान गर्न आवश्यक भएकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ प्रयोग गरी नौगाड गाउँकार्यपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "नौगाड गाउँपालिकाको टोल र क्षेत्र नक्साङ्कन तथा घरधुरी सङ्ख्याङ्कन सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि नौगाड गाउँकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) "गाउँपालिका" भन्नाले नौगाड गाउँपालिकालाई सम्झनु पर्छ।

ख) "कार्यालय" भन्नाले नौगाड गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

ग) "वडा कार्यालय" भन्नाले नौगाड गाउँपालिकाको ६ वटै वडा कार्यालयहरुलाई सम्झनु पर्छ।

घ) "घरधुरी" भन्नाले एउटै भान्सामा खाना खाने परिवारका सदस्य वा समूहलाई जनाउँदछ।

३. **घर नम्बर प्रदान गर्ने आधार तथा तरिकाः** (१) वडा समितिले सडक वा बस्तीको क्रम अनुसार टोललाई क्रम संगत तरिकाले दुई डिजिटको टोलकोड प्रदान गरी नौगाड गाउँकार्यपालिकाको प्रशासन शाखालाई सिफारिस गर्नेछ।

(२) वडा समितिले टोल नामाङ्कन गर्दा उक्त टोलमा कम्तिमा २० घरधुरी हुनेगरी विभाजन गर्नु पर्नेछ।

(३) वडा कार्यालयले यो कार्यविधि स्वीकृति हुन भन्दा अधि टोल बिभाजन सम्बन्धि कार्य गरी गाउँपालिकालाई सिफारिस गरेको छ भने यसै कार्यविधि बमोहजिम भएको मानिनेछ।

(४) नयाँ घर निर्माण, घर विभाजन तथा परिवारले बसाईसराई गरेमा वडा कार्यालयको सिफारिसमा घर नम्बर थप घट गरिनेछ।

(५) घर नम्बर निम्न ढाँचामा राखिनेछः

क) पहिलो अङ्कःवडा नम्बर

ख) दोस्रो अङ्कःटोल कोड

ग) तेस्रो अङ्कः घरको क्रम संख्या

नौगाड गाउँपालिकाको टोल र क्षेत्र नक्साङ्कन तथा घरधुरी सङ्ख्याङ्कन सम्बन्धी कार्यविधि, २०८२

(६) घरधुरीको नम्बर प्लेट ढाँचा अनुसूची-१ अनुसार हुनेछ।जसमा निम्न अनुसारको बिषयहरु समेटिएको हुनेछ।

क) पहिलो हारीमाः घर नम्बर

ख) दोस्रो हारीमाः गाउँपालिका र वडा नम्बर

ग) तेस्रो हारीमाः टोलको नाम

(७) धरधुरीको नम्बर प्लेट गाढा निलो रङको हुनेछ र नम्बर प्लेटमा घर नम्बर, गाउँपालिकाको नाम, टोलको नाम रहनेछ।

(८) कुनै परिवारको एउटै वडामा एक भन्दा बढि घरहरु भएको अवस्थामा साबिककै घर नम्बर प्रयोग गरी क्रमशः (क), (ख), (ग) गरी उप-घर नम्बर प्रदान गरि अध्यावधिक गरिनेछ।

४. **<u>घर नम्बर थपघट सम्बन्धि व्यवस्थाः</u>** (१) कुनै व्यक्तिले नयाँ घर बनाएमा वा परिवार छुट्टिएमा अनुसूची -२ बमोजिमको निवेदन फारम भरी वडा कार्यालयमा पेश गर्नु पर्नेछ।

(२) कुनै परिवार बसाईसराई गरी अन्यत्र गएमा उक्त परिवारका व्यक्तिले अनुसूची-३ बमोजिमको निवेदन फारम भरी लगत कट्टी गर्न वडा कार्यालमा निवेदन पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम कुनै व्यक्ति वा परिवारले पुरानो घर भत्काई नयाँ घर बनाएको अवस्थामा पुरानो घर नम्बर नै प्रयोग गर्नु पर्नेछ।

५. **<u>प्रशासन शाखाको काम कर्तव्यः</u>** (१) यस कार्यविधि बमोजिम प्रशासन शाखाको काम कर्तव्य देहाय बमोजिम हुनेछः

क) प्राविधिक लागत अनुमान अनुसार घर नम्बर प्लेट तथा अन्य कार्यको लागि गाउँसभाबाट बजेटको माग गर्ने,

ख) नेपाल सरकार सार्वजिक खरिद ऐन २०६३ बमोजिम घरधुरी नम्बर प्लेट, टोल सूचना बोर्ड तथा अन्य आवश्यक सामग्री खरिद गर्ने।

ग) खरिद भएका सामग्रीहरुको वडा कार्यालयको समन्वयमा नम्बर प्लेट टास्ने तथा अन्य कार्यको व्यवस्था मिलाउने।

६. **<u>वडा कार्यालयको काम कर्तव्यः</u>** (१) यस कार्यविधि बमोजिम वडा कार्यालयको काम कर्तव्य देहाय बमोजिम हुनेछः

क) दफा (४) उपदफा (१) र (२) बमोजिमका निवेदन फारमहरु संकलन गर्ने।

ख) सङ्कलित निवेदनहरुको वास्तविकता जाँच गरी अस्थायी घर नम्बर जारी गर्ने।

ग) जारी गरिएका अस्थायी घर नम्बर तथा रद्द गरिएका घर नम्बरलाई सूचीबद्ध गरी अनुसूची-४ अनुसारको फारम उपयोग गरी नौगाड गाउँकार्यपालिकाको कार्यालय प्रशासन शाखामा पठाउने।

घ) गाउँपालिकाले वडा अनुसार जारी गरेको घर नम्बर अभिलेखलाई अध्यावधिक गर्ने।

ङ) वडाकार्यालयले समय–समयमा घर नम्बर प्रणालीको अनुगमन, व्यवस्थापन तथा अद्यावधिक गर्नु पर्नेछ।

७. **<u>टोल म्यापिङ तथा नक्साङ्कनः</u>** (१) गोगलम्यापमा टोलहरु, धार्मिक तथा पर्यटकीय स्थलहरु, पालिका स्तरीय कृषि सडकहरु प्रविष्ट गर्न तथा एक टोल बाट अर्को टोल सम्मको दुरी नाप्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तीन सदस्यीय सर्वेक्षण टोली रहनेछ।प्रमुख प्रशासकीय अधिकृतले सूचना तथा प्रविधिको क्षेत्रमा कार्य अनुभव भएका कार्मचारी मनोनित गरी सर्वेक्षण टोली गठन गर्ने छन।

(२) सर्वेक्षण टोलीको काम कर्तव्य देहाय बमोजिमको हुनेछः

क) मोबाइल एप्लिकेशन तथा अन्य प्रविधिको प्रयोग गरी वडा अनुसारका सम्पुर्ण टोल, पर्यटकीय क्षेत्र, धार्मिक क्षेत्र तथा पालिका स्तरीय कृषि सडकहरुलाई गोगलम्यापमा प्रविष्ट गर्ने।

ख) जि.पि.एस प्रणालीको प्रयोग गरी टोल तथा बस्तिहरुको दुरी मापन गरी अभिलेखिकरण गरी प्रतिवेदन पेश गर्ने।

८. **<u>टोल पहिचान बोर्डको व्यवस्थापनः</u>** (१) नौगाड गाउँपालिका भित्र वडा अनुसार रहेको सम्पर्ण टोललाई व्यवस्थित गर्न, पहिचान गर्न तथा पर्यटक तथा आगन्तुकहरुलाई सहजताका लागि टोल तथा वस्तीको सुरुवातमा टोल पहिचान बोर्ड राखिनेछ।

(२) टोल पहिचान बोर्डमा गाउँपालिकाको नाम, वडा नम्बर टोलको नाम तथा नजिकमा आउने टोलको दुरी (कि.मि.मा) राखिनेछ।

(३) टोल पहिचान बोर्डमा आपतकालिन सेवाहरुको सम्पर्क नम्बर समेत राख्न सकिनेछ।

(४) टोल पहिचान बोर्डको ढाँचा अनुसूची - ५ अनुसार हुनेछ।

(५) प्रदेश सडकबाट नौगाड गाउँपालिकाको सुरुवात तथा अन्त्यमा नक्साङ्कन सहितका सूचना बोर्डहरु राखिनेछ।

९. **<u>अभिलेख व्यवस्थापनः</u>** (१) प्रशासन शाखाले सबै घरधुरी विवरण डिजिटल तथा लिखित अभिलेखमा सुरक्षित राख्ने र प्रत्येक आर्थिक वर्षमा विवरण अध्यावधिक गर्नु पर्नेछ।

(२) गाउँपालिकाले टोल, बस्ती व्यवस्थापनलाई व्यवस्थित तथा सहज बनाउन सफ्टवयर खरीद गरी सञ्चालन गर्न सक्नेछ।

१०. **<u>प्रचलित कानुन बमोजिम हुनेः</u>** यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै कार्यविधि बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

नौगाड गाउँपालिकाको टोल र क्षेत्र नक्साङ्कन तथा घरधुरी सङ्ख्याङ्कन सम्बन्धी कार्यविधि, २०८२

## अनुसूची-१

दफा (३) को उपदफा (५) सँग सम्बन्धित


घर नम्बर प्लेटको ढाँचा

**घर नम्बर प्लेटको ढाँचा देहाय अनुसारको हुनेछः**

१. घर नम्बर प्लेटको आकार (२०*१४) सेन्टीमिटर को हुनेछ फलामे जस्ता पाताको मोटाई १ मिलिमिटरको हुनेछ।

२. घर नम्बर प्लेटको सतहको रङ गाढा निलो र अक्षरको रङ सेतो हुनेछ।

**घर नम्बर प्लेटको नमूना**



## अनुसूची- २

को दफा (४) को उपदफा (१) सँग सम्बन्धित

### नयाँ घर नम्बर प्लेट जडान सम्बन्धी निवेदनको ढाँचाः

**श्रीमान् वडा अध्यक्ष ज्यू**
**मितिः...........................**
**.....नं. वडा कार्यालय,**
**......................।**

**<u>बिषयः नयाँ घर नम्बर प्लेट जडान सम्बन्धमा।</u>**

प्रस्तुत बिषयका सम्बन्धमा सुदूरपश्चिम प्रदेश, दार्चुला, जिल्ला नौगाड गाउँपालिका वडा नं. ......टोल ..................मा मैले नयाँ घर निर्माण/अशंवण्डा गरी छुट्टीएको र नयाँ घर निर्माण गरेकाले नयाँ घर नम्बर प्लेट जडान गरिदिन हुन अनुरोध छः

| | | | |
|---|---|---|---|
| घरमूलिको नाम | ...................................................................................... | | |
| परिवार संख्या | महिला..... | पुरुष...... | जम्मा....... |
| ठेगाना | सुदूरपश्चिम प्रदेश, नौगाड गाउँपालिका वडा नं........... टोल......... | | |
| परिवारको मुख्य पेशा | कृषि...... | व्यवसाय....... | अन्य..... |
| सम्पर्क नम्बर | | | |
| ईमेल आईडी | ......................................................................gmail.com/yahoo.com | | |
| साविकको घर नम्बर | | | |
| नयाँ घर नम्बर माग गर्नुको कारण | नयाँ घर निर्माण | अशंवण्डा गरी छुट्टीएको | अन्य कारणः.......... |
| घरको प्रकार | आवासिय | व्यावसायिक | अन्य............. |

उपरोक्त बमोजिमका विवरणहरु साँचो हो, झुठा ठहरे कानुन बमोजिम सहुला बुझाउला भनि सहिछाप गर्ने निवेदकाको नामः......................................दस्तखत..................... मितिः......................

कार्यालय प्रयोजनको लागि

| |
|---|
| निवेदन दर्ता मितिः.................. |
| निवेदकको स्थायी बसोबास रहेको स्थानमा गई नयाँ घर निर्माण/ अशंवण्डा गरी छुट्टीएको अवलोकन गरी एकिन गर्ने कर्मचारीको नामः........................पद..........................दस्तखत.............................. |
| अस्थायी घर नम्बरः............................................ |

नौगाड गाउँपालिकाको टोल र क्षेत्र नक्साङ्कन तथा घरधुरी सङ्ख्याङ्कन सम्बन्धी कार्यविधि, २०८२

अनुसूची - ३

को दफा (४) को उपदफा (२) सँग सम्बन्धित

घर नम्बर दद्द गर्ने सम्बन्धी निवेदनलो ढाँचाः

**श्रीमान् वडा अध्यक्ष ज्यू**
**मितिः...........................**
**.....नं. वडा कार्यालय,**
**.....................।**

<u>**बिषयः घर नम्बर रद्द गरिदिने सम्बन्धमा ।**</u>

प्रस्तुत बिषयका सम्बन्धमा सुदूरपश्चिम प्रदेश, दार्चुला, जिल्ला नौगाड गाउँपालिका वडा नं. ......टोल .................बाट म लगायत मेरो सम्पूर्ण परिवार बसाईसराई गरी .............जिल्ला..........नपा/गापा.............टोलमा जान लागेकाले मेरो परिवारले प्रयोग गर्दै आएको घर नम्बर रद्द गरिदिनहुन निवेदन पेश गरेको छु।

| | | | |
|---|---|---|---|
| घरमुलिको नाम | | | |
| परिवार संख्या | महिला..... | पुरुष...... | जम्मा....... |
| ठेगाना | सुदूरपश्चिम प्रदेश, नौगाड गाउँपालिका वडा नं........... टोल......... | | |
| परिवारको मुख्य पेशा | कृषि...... | व्यवसाय....... | अन्य..... |
| सम्पर्क नम्बर | | | |
| ईमेल आईडी | ..........................................................................gmail.com/yahoo.com | | |
| साविकको घर नम्बर | | | |
| बसाईसराई गरीजाने स्थान | ..................प्रदेश,...........................नपा/गापा, वडा नं................. टोल............. | | |
| घरको प्रकार | आवासिय | व्यावसायिक | अन्य............. |
| बसाईसराई गर्नुको कारण | रोजगारी | व्यवसाय | अन्य........................ |

उपरोक्त बमोजिमका विवरणहरु साँचो हो, झुठा ठहरे कानुन बमोजिम सहुला बुझाउला सहिछाप गर्ने

निवेदकाको नामः...................................दस्तखत............................मितिः.....................

कार्यालय प्रयोजनको लागि

| |
|---|
| निवेदन दर्ता मितिः................... |
| स्वीकृत गर्ने कर्मचारीको नामः............................................. पद........................................... |
| दस्तखत............................. |

नौगाड गाउँपालिकाको टोल र क्षेत्र नक्साङ्कन तथा घरधुरी सङ्ख्याङ्कन सम्बन्धी कार्यविधि, २०८२

## अनुसूची-४

को दफा (५) को उपदफा (१) को (ग) सँग सम्बन्धित

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू**
**मितिः........................**
**नौगाड गाउँकार्यपालिकाको कार्यालय,**
**होपरीगाड, दार्चुला।**

**<u>विषयः घर नम्बर अध्यावधिक गरी पठाएको सम्बन्धमा ।</u>**

प्रस्तुत बिषयको सम्बन्धमा यस वडा नं.............को कार्यालयमा मिति सम्ममा तपसिल बमोजिमका घरधुरीको नया नयाँ घर निर्माण/परिवार छुट्टीएको/घर नम्बर रद्द गरिएकोले सोहि अनुसार वडा कार्यालयमा अभिलेख व्यवस्थान तथा अध्यावधिक गरिएको व्यहोरा अनुरोध छ।

| क.सं. | घर नम्बर | टोलको नाम | घरमुलिको नाम | नयाँ घर निर्माण / परिवार छुट्टीएको / घर नम्बर रद्द गरिएको | सम्पर्क नं. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

नौगाड गाउँपालिकाको टोल र क्षेत्र नक्साङ्कन तथा घरधुरी सङ्ख्याङ्कन सम्बन्धी कार्यविधि, २०८२



प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची-५

दफा (७) को उपदफा (४) सँग सम्बन्धित

**टोल पहिचान बोर्डको ढाँचा**

**टोल पहिचान बोर्डको ढाँचा देहाय अनुसारको हुनेछः**

१. टोल पहिचान बोर्डको आकारको लम्बाई १८ इन्च र चौडाई ३० इन्चको हुनेछ फलामे जस्ता पाताको मोटाई १ एम.एम को हुनेछ।

२. टोल पहिचान बोर्डको सतहको रङ गाढा निलो र अक्षरको रङ सेतो हुनेछ।

३. टोल पहिचान बोर्डकोलागि फलामको ८४ इम्च लम्बाई १ एम.एम मोटाई भएको २ इन्च गोलाई भएको पाईपलाई स्ट्याण्डको रुपमा प्रयोग गरिनेछ।

**टोल पहिचान बोर्डको नमूना**




आज्ञाले,

पुष्कर सिह धामी

प्रमुख प्रशासकीय अधिकृत